# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय गौर, रौतहटका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/०९ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय गौर, रौतहटमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/१९ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय **गौर, रौतहटमा** दिनको ठीक ३ : ०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

**ऋणी** प्रदेश सरकार, प्रदेश न. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०८/२४ मा प्रा.फ.नं. ५१६४/३०३ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय सिमरा, करदाता सेवा कार्यालय, गौरवाट मिति २०७३/०८/२७ (मु.अ.कर दर्ता मिति २०७३/०८/२७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०५५१६६१० को प्रमाणपत्र प्राप्त **आजम ईट्टा उद्योग ।**
फर्मको ठेगाना : रौतहट जिल्ला, माधवनारायण न.पा. वडा नं. ३ (साविक सखुअवा गा.वि.स. वडा नं. ८) ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ताः शेख ओबैदुल्लाह** (ना.प्र.नं. ३२१०२५-२८८, जारी मिति २०६४/०५/१४, प्रतिलिपि जारी मिति २०७२/१२/२४ जि.प्र.का रौतहट) ।<br>**ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा. वडा नं. ३ (साविक राजपुर तुल्सी गा.वि.स.वडा नं.९)<br>बाबुः शेख अब्दुला । बाजेः शेख महम्मद सदिक . | **जमानतकर्ताः मो.ओलीउल्लाह** (ना.प्र.नं. १०२५/२८२, जारी मिति २०६८/०४/११ जि.प्र.का रौतहट ।<br>**ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा. वडा नं. ३ (साविक राजपुर तुल्सी गा.वि.स. वडा नं. ९)<br>बाबुः शेख अब्दुला । बाजेः शेख महम्मद सदिक । |
| **जमानतकर्ताः** रुमाना खातुन (ना प्र नं. ३२३००२५/८९, जारी मिति २०७०/०२/२२ जि.प्र.का रौतहट) ।<br>**ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा.वडा नं.३ (साविक राजपुर तुल्सी गा.वि.स.वडा नं.९) ।<br>बाबुः अब्दुल बसिर । पतिः शेख ओबैदुल्लाह ।<br>ससुराः शे अब्दुला । | **जमानतकर्ताः शेख अब्दुला** (ना.प्र.नं. ४२८१, जारी मिति २०३५/०८/२३ जि.प्र.का रौतहट) ।<br>**ठेगानाः** रौतहट जिल्ला यमुनामाई गा.पा. वडा नं. ३ (साविक राजपुर तुल्सी गा.वि.स. वडा नं. ९) ।<br>बाबुः शेख महम्मद सदिक । बाजेः शेख कुर्वान । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. **शेख अब्दुलाको** नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला राजपुर तुलसी गा.बि.स. वडा न.. ४, स्थित कित्ता नं. ८७१ र ८७२ को क्षेत्रफल ०-४-५ र ०-५-१५ (बिघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. **शेख अब्दुलाको** नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला जिल्ला फतुवा महेशपुर वडा नं. ८ नक्सा सिट नं. ८क, स्थित कित्ता नं. २२५, क्षेत्रफल ०-६-१४ (बिघा)को जग्गा र ऐ. जिल्ला फतुवा महेशपुर ७, नक्सा सिट नं. ७, स्थित कित्ता नं. २५७ को क्षेत्रफल ०-७-० (बिघा)को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ................१

५. शेख ओबैदुल्लाहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला सरुअठा गा.वि.स. वडा नं. ८, स्थित कित्ता नं. ६१७, क्षेत्रफल ०-०-१२-० (बिघा)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

६. ऋणी आजम ईट्टा उद्योगको स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थीत कर्जा असुली विभाग र **अन्य शाखा कार्यालयहरु** बाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थितकर्जा असुली बिभागमा **र शाखा कार्यालय गौरमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x26